# लोक सेवा आयोग

## लोक सेवा आयोगको ६२ औं वार्षिकोत्सवको अवसरमा जारी गरिएको प्रेस विज्ञप्ति

***"स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट
लोक सेवा आयोगको दृढ अठोट"***

वि.सं. २००८ आषाढ १ गते स्थापना भएको लोक सेवा आयोग आज ६१ वर्ष पूरा गरी ६२ वर्षमा प्रवेश गरेको छ । यस सुखद् घडीमा नेपाल सरकारका विभिन्न निकायहरु दक्ष/विज्ञहरु, कर्मचारीहरु, समस्त उम्मेदवारहरु र आयोगलाई सहयोग पुऱ्याउने सबै व्यक्ति तथा संघ/संस्था प्रति आयोग आभार प्रकट गर्दछ ।

लोक सेवा आयोगमा हालसम्म १७ जना अध्यक्षहरु, ३७ जना सदस्यहरु र २६ जना सचिवहरुले सेवा पुऱ्याइसक्नु भएको छ । आयोगको हाल केन्द्रीय कार्यालय १, क्षेत्रीय निर्देशनालय ५, अञ्चल कार्यालय ९ र दरखास्त संकलन केन्द्र १ गरी जम्मा १६ (सोह्र) वटा कार्यालयहरु छन् भने यी कार्यालयहरुमा ८६ राजपत्रांकित, २१५ राजपत्र अनंकित र ७० श्रेणी विहीन गरी जम्मा ३७१ जनाको दरबन्दी रहेको छ ।

आयोगले नेपालको अन्तरिम संविधान, २०६३ लोक सेवा आयोग ऐन, २०६६ र अन्य सम्बन्धित कानूनमा व्यवस्था भए बमोजिम निजामती सेवाका पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवारहरुको छनौट गर्न परीक्षा सञ्चालन गर्ने, संविधान प्रदत्त अधिकार क्षेत्र भित्रका विभिन्न विषयमा परामर्श प्रदान गर्ने तथा बढुवा उजूरी उपर टुंगो लगाउने कार्य नियमित रुपमा गर्दै आएको छ । यसका अतिरिक्त नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम सशस्त्र प्रहरी, जनपथ प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको लिखित परीक्षा समेत सञ्चालन गर्दै आएको छ । यसै गरी नेपाली सेनाको अधिकृत स्तरको खुला प्रतियोगिताको पदपूर्ति समितिको अध्यक्षता लोक सेवा आयोगका सदस्यबाट हुदै आएको छ र सहायक स्तरको पदपूर्ति समितिमा यस आयोगबाट प्रतिनिधित्व हुंदै आएको छ ।

पछिल्लो आर्थिक वर्ष आ.व. ०६७-६८ मा आयोगले निजामती सेवामा रिक्त रहेका ३,६६५ पदका लागि १,२२४ वटा विज्ञापन तथा सूचनाहरु प्रकाशन गरेको थियो । जसका लागि २,५१,६५१ दरखास्त पर्न आएका थिए । कूल दरखास्त मध्ये महिला उम्मेदवारको संख्या १,१०,३०७ (४४ प्रतिशत) र पुरुष उम्मेदवारको संख्या १,४१,३४४ (५६ प्रतिशत) रहेको थियो । आयोगले विभिन्न श्रेणी र तहका गरी राजपत्रांकित तर्फ ९५६ र राजपत्र अनंकित तर्फ २८८० गरी जम्मा ३,८३६ उम्मेदवारहरुलाई नियुक्तिका लागि सिफारिश गरेको थियो । यसमा समावेशी समूहमा सिफारिश हुनेको संख्या १,३४९ रहेको थियो । समावेशी समूहहरुबाट सिफारिश भएकाहरु मध्ये सबैभन्दा बढी

क्रमश:

महिलातर्फ ४७१ (३५ प्रतिशत) र सबभन्दा कम पिछडिएको क्षेत्रतर्फ ४३ (३ प्रतिशत) रहेका थिए । निजामती सेवाको समावेशी समूहतर्फ कूल १,०८६ पदसंख्याका लागि विज्ञापन गरिएको थियो । ती पदहरुमा ८४,२७७ दरखास्त प्राप्त हुन आएका थिए । सो संख्या कूल आवेदनको ३३ प्रतिशत हुन आउछ । समावेशी समूहमा आवेदन गर्नेहरु मध्ये सबैभन्दा बढी महिलातर्फ ४४,१३७ (५२ प्रतिशत) र सबैभन्दा कम पिछडिएको क्षेत्र २,१६७ (३ प्रतिशत) उम्मेदवारहरु थिए ।
चालु आ.व. मा आयोगले विभिन्न श्रेणीका गरी जम्मा ३,५५० पदसंख्याको लागि विज्ञापन प्रकाशन गरेको थियो । विज्ञापित पदहरु मध्ये राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार स्तरका पदहरु बाहेक अन्य पदहरुको लिखित परीक्षा सम्पन्न भएका छन् भने राजपत्रांकित प्रथम र द्वितीय श्रेणीका अधिकांश विज्ञापनहरुको अन्तर्वार्ता सम्पन्न भई नियुक्तिको लागि सिफारिश समेत भइसकेका छन् । यसैगरी चालु आ.व. मा ६४ जना कर्मचारीहरुलाई विभागीय सजायको लागि परामर्श पठाइएको ४६ वटा रिटको लिखित जवाफ पठाइएको छ भने १०९ जना उम्मेदवारहरुको बढुवा उपर परेको उजूरीको टुंगो लगाइएको छ । आयोगले उपयुक्त उम्मेदवारको छनौट गर्ने प्रक्रिया र परिणामलाई बढी गुणस्तरीय बनाउन पछिल्ला वर्षहरुमा निकै प्रयत्न गर्दै आएको छ । कार्यालयको कामलाई चुस्त र प्रभावकारी बनाउन संगठन तथा व्यवस्था सर्वेक्षण गरिएको, विभिन्न पदहरुको पाठ्यक्रमहरु परिमार्जन गरिएको, परीक्षा सुधार सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गरिएको छ भने आयोगबाट भएका नीतिगत निर्णयहरुको सगालो, आयोगको कार्यप्रणालीसंग सम्बन्धित कानूनहरुको दिग्दर्शन र शैक्षिक योग्यता सम्बन्धी पुस्तिका तयार हुनुको साथै आयोगका विविध गतिविधिहरु समेटेर लोक सेवा आयोग समाचारपत्र प्रकाशन हुदै आएको छ ।
आयोगलाई यस स्थानसम्म ल्याइ पुऱ्याउन विगतमा विपुल योगदान पुऱ्याउनु हुने सम्पूर्ण पूर्व पदाधिकारीहरु, बुद्धिजीवीहरु, कर्मचारीहरु र अन्य शुभचिन्तकहरुको अथक प्रयासलाई आयोग पुनः स्मरण गर्न चाहन्छ र आयोगको काममा लामो समयसम्म सहयोग पुऱ्याउनु हुने ऐतिहासिक व्यक्तित्वहरु मध्येबाट केही महानुभावहरुलाई यस सुखद घडीमा सम्मान सहित कदरपत्र प्रदान गर्ने र आयोगमा हाल कार्यरत कर्मचारीहरु मध्ये ३ (तीन) जना कर्मचारीहरुलाई पुरस्कृत गर्ने घोषणा गर्दछ । ***अन्त्यमा,*** आयोगको गौरवपूर्ण इतिहासलाई अझ संस्थागत गर्दै कार्य प्रणालीलाई झनै विश्वसनीय बनाउने काममा लोक सेवा आयोग निरन्तर लागिरहने दृढ प्रतिज्ञा गर्दछ ।

धन्यवाद ।

मितिः २०६९।३।१ गते शुक्रबार